च.नं.: मिति: २०२५ जुन ३

**गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, थाईल्याण्डको घोषणापत्र**

आदरणीय थाईल्याण्डवासी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा न्यानो अभिवादन!

"नेपालीका लागि नेपाली" भन्ने उच्च मूल नारालाई आत्मसात् गर्दै, विश्वभर छरिएर रहेका नेपाली समुदायलाई एकताबद्ध गरी मातृभूमिप्रति समर्पण र प्रवासी जीवनको हित संरक्षण गर्ने पवित्र उद्देश्यका साथ स्थापित गैरआवासीय नेपाली संघ (NRNA) ले थाईल्याण्डमा पनि आफ्नो सेवा, संकल्प र सद्भावका साथ सक्रियतापूर्वक अगाडि बढिरहेको छ।
सगरमाथाको देश नेपालबाट थाईल्याण्डमा आइ बसोबास गर्ने समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको सुख, समृद्धिका साथै मातृभूमिको विकासमा योगदान पुर्याउने हाम्रो साझा लक्ष्यलाई मूर्त रूप दिन, गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (NRNA NCC) थाईल्याण्डले तपाइँहरूसमक्ष निम्न प्रतिबद्धतासहित यो घोषणापत्र सादर प्रस्तुत गर्दछ।

**हाम्रा प्रमुख प्रतिबद्धताहरू:**

१. **कूटनीतिक सम्बन्धको सुदृढीकरण:** थाईल्याण्डस्थित नेपाल राजदूतावाससँग निकट सहकार्य गर्दै नेपाल र नेपालीहरूसँग सम्बन्धित कार्यहरूमा सक्रिय सहभागिता जनाउने।

२. **समुदायगत एकता र सहकार्य:** थाईल्याण्डमा रहेका नेपाल र नेपालीहरूसँग सम्बन्धित विभिन्न संघसंस्थाहरूसँग समन्वय र सहकार्यको वातावरण प्रबर्द्धन गर्ने।

३. **सदस्यता विस्तार र अधिवेशन:** एनआरएनए एनसिसि थाईल्याण्डको सदस्यताका लागि बृहत् आह्वान गरी धेरैभन्दा धेरै नेपालीहरूलाई आबद्ध गराउने र समयमै विधानसम्मत अधिवेशन सम्पन्न गर्ने।

४. **कानूनी दर्ता प्रक्रिया:** एनआरएनए एनसिसि थाईल्याण्डलाई थाईल्याण्डको प्रचलित कानुनबमोजिम विधिवत् रूपमा दर्ता गर्ने प्रक्रियालाई अगाडि बढाउने।

५. **प्रवासी मुद्दाहरूको सम्बोधन:** थाइल्याण्डमा बसोबास गर्ने नेपाली मूलका नेपालीहरूको हकहितका लागि आवाज उठाउने र सहजीकरण गर्ने, साथै प्रवासी नेपालीहरूका (PNO) ज्वलन्त मुद्दाहरूलाई सम्बोधन गर्दै नेपाल सरकारसँग आवश्यक पहल र पैरवी गर्ने।

६. **समस्या समाधानमा सहयोग:** नेपालबाट आई थाईल्याण्डमा व्यापार–व्यवसाय, मजदुर, विद्यार्थी लगायत विभिन्न क्षेत्रमा कार्यरत रहनुभएका दाजुभाइ तथा दिदीबहिनीहरूलाई आइपरेका समस्याहरूको समाधानका लागि यथाशक्य पहल गर्ने।

७. **मानव बेचबिखन विरुद्ध कार्य:** नेपालबाट विभिन्न प्रलोभनमा पारी मानव बेचबिखनको शिकार भई थाईल्याण्ड लगायत छिमेकी देशहरूमा अलपत्र पारिएका नेपालीहरूको उद्धार तथा सुरक्षित नेपाल फिर्तीका लागि आवश्यक पहल गर्ने।

८. **नेपाली कला, संस्कृति र संगीतको प्रवर्द्धन:** एनआरएनए एनसिसि थाईल्याण्डका सदस्यहरूलाई नेपालमा आयोजना हुने कुनै पनि कार्यक्रम, सांगीतिक तथा सांस्कृतिक प्रतिस्पर्धा, वा अन्य रचनात्मक गतिविधिहरूमा भाग लिनका लागि सहयोग पुर्याउने।

९. **शैक्षिक सहजीकरण:** एनआरएनए एनसिसि थाईल्याण्डका सदस्यहरूका बालबालिकाहरू (जो नेपाली नागरिक होइनन्) लाई नेपालमा अध्ययन गर्न जानका लागि भिसा लगायत अन्य समस्याहरूमा आवश्यक सहयोग र सहजीकरण गर्ने।

१०. **थाईल्याण्डमा नेपाली श्रमिक बजार अध्ययन:** थाईल्याण्डमा नेपाली श्रमिक बजारको विस्तृत अध्ययन गरी अनुभवी र दक्ष कामदारहरूलाई उपयुक्त अवसर प्राप्तिका लागि थाई सरकारसँग सहकार्य र समन्वय गर्ने।

११. **नेपाली उत्पादनको बजार विस्तार:** नेपालमा उत्पादन भएका गुणस्तरीय सामानहरूको थाईल्याण्डमा बजार खोज्न पहल गर्ने, दुई देशबीचको व्यापार व्यवसायको विकासमा योगदान पुर्याउने, र वर्षमा कम्तीमा एक पटक नेपाली उत्पादनको व्यापारिक महोत्सव आयोजना गर्ने।

१२. **द्विपक्षीय सम्बन्धको सुदृढीकरण:** नेपाल र थाईल्याण्डबीचको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा व्यापारिक सम्बन्धलाई थप सुदृढ बनाउन सक्रिय भूमिका निर्वाह गर्ने।

१३. **प्राकृतिक प्रकोपमा सहयोग:** प्राकृतिक प्रकोप वा विपत्तिको समयमा राहत तथा सहयोगका लागि विभिन्न संघसंस्था र सरकारी निकायहरूसँग समन्वय र सहकार्य गर्ने।

१४. **रेमिट्यान्सको औपचारिक माध्यम:** थाई र नेपालका बैंकहरूबीच रेमिट्यान्स सम्झौता नभएका कारण अनौपचारिक 'हुण्डी' कारोबार मौलाएको र नेपालीहरू ठगिएको गुनासोलाई मध्यनजर गर्दै, रेमिट्यान्स सम्झौताका लागि नेपाल सरकारलाई औपचारिक अनुरोध गर्ने।

१५. **शैक्षिक संस्था स्थापना:** थाईल्याण्डमा बसोबास गर्ने नेपाली भाषीहरूका लागि नेपाली भाषा, संस्कृति, इतिहास र भेषभूषाको संरक्षण र प्रवर्द्धनका लागि नेपाल राजदूतावास र नेपाल सरकारसँग पहल गरी एउटा शैक्षिक संस्था स्थापना गर्ने।

१६. **पर्यटन प्रवर्द्धन:** नेपालमा विदेशी पर्यटकहरू भित्र्याउनका लागि नेपाल पर्यटन बोर्डसँग सहकार्य गर्ने र बुद्ध जन्मिएको एवं विश्वको सर्वोच्च शिखर सगरमाथाको देशका रूपमा नेपाललाई विश्वभर परिचित गराउनका लागि वार्षिक रूपमा पर्यटन महोत्सव आयोजना गर्ने।

१७. **स्वास्थ्य र कल्याणकारी कार्यक्रम:** थाईल्याण्डमा रहेका नेपालीहरूका लागि स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रमहरू आयोजना गर्ने, आवश्यक स्वास्थ्य तथा यात्रा बीमाका लागि सहजीकरण गर्ने, र आपत्कालीन अवस्थामा सहयोग उपलब्ध गराउने।

१८. **व्यावसायिक विकास र उद्यमशीलता प्रवर्द्धन:** थाईल्याण्डमा व्यवसाय गरिरहेका नेपाली उद्यमीहरूलाई सहयोग पुर्याउने, नयाँ उद्यमशीलताका लागि परामर्श र नेटवर्क विस्तारमा सहयोग गर्ने, र थाई बैंक तथा दूरसंचार प्रदायकहरूसँगको समन्वयमा सदस्यहरूका लागि विशेष सुविधा दिलाउने।

१९. **नेपालमा लगानी तथा व्यवसाय सहजीकरण:** पि.एन.ओ. (People of Nepali Origin) लगायत थाई लगानीकर्ताहरू जो नेपालमा लगानी वा व्यवसाय गर्न इच्छुक छन्, उनीहरूलाई आवश्यक सूचना, परामर्श तथा सहजीकरण उपलब्ध गराउने।

### हाम्रा आउँदै गरेका सदस्यता लाभहरू (Upcoming Membership Benefits):

एनआरएनए एनसिसि थाईल्याण्डका सदस्यहरूलाई विशेष सुविधा प्रदान गर्न हामी थाई संस्थाहरूसँग सक्रिय रूपमा साझेदारी गरिरहेका छौं। हाम्रा आगामी सदस्यता लाभहरूमा निम्न क्षेत्रहरूमा विशेष छुट र सुविधाहरू समावेश हुनेछन्:

- स्वास्थ्य तथा यात्रा बीमा: सदस्यहरूका लागि स्वास्थ्य र यात्रा बीमामा आकर्षक छुट।
- रेस्टुरेन्ट र किराना पसलहरू: थाईल्याण्डमा रहेका नेपाली तथा अन्य रेस्टुरेन्ट र किराना पसलहरूमा विशेष छुट।
- नेपाली समुदायका व्यवसायहरू: नेपाली समुदायद्वारा सञ्चालित विभिन्न व्यवसायहरूमा सदस्यहरूका लागि विशेष सहुलियत।
- व्यावसायिक सेवाहरू: बैंकिङ, दूरसञ्चार, र लजिस्टिक्स जस्ता व्यावसायिक सेवाहरूमा विशेष सुविधाहरू।

हामी विश्वास गर्दछौं कि यी प्रतिबद्धताहरू र आगामी लाभहरूले थाईल्याण्डमा रहेका सम्पूर्ण गैरआवासीय नेपालीहरूको हकहित र मातृभूमिको गौरव बढाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ। हामीलाई तपाईँहरूको निरन्तर साथ र सहयोगको अपेक्षा छ।

धन्यवाद।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, थाईल्याण्ड

**संयोजक – संजय ढकाल**

**सचिव – सुरज भण्डारी**

**उपसंयोजक – मदनराज अधिकारी**

**सह-सचिव – अक्कल थापा**

**कोषाध्यक्ष – दिनेश बुढाथोकी**

**सदस्य – राम की**

**सदस्य – हिरा काजी श्रेष्ठ**